**बैठक नं. १०५**

**आज मिति २०८२ चैत्र ११ गते, बुधबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :**

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

**<u>विषयहरु :</u>**

१. विस्का जात्रा व्यवस्थापन तथा शुभकामना र्‍याली सम्बन्धमा ।

२. राष्ट्रिय आर्थिक गणना-२०८२ सम्बन्धमा ।

३. समिति निर्णय अनुमोदन ।

४. विविध ।

## lg0f{ox? :

१. २०८२ चैत्र २७ गते शुरु भई २०८३ बैशाख ५ गते सम्पन्न हुने विस्का जात्रा र नयाँ वर्षको शुभकामना र्‍याली तथा कार्यक्रम देहायको मिति, समय र स्थान गरिने र उक्त कार्यक्रममा जिल्ला प्रशासन कार्यालय, गुठी संस्थान, सुरक्षा निकाय, नेपाल स्काउट, रेडक्रस, दाफा, भजन तथा सांस्कृतिक टोलीहरु, स्कूल, कलेज, सहकारी संस्था, टिम, क्लव, पुस्तकालय, वाचनालय लगायत स्थानीय जनसमुदायलाई उपस्थितको लागि आह्वान गर्ने निर्णय गरियो :

कार्यक्रम :

मिति : २०८२ चैत्र २७ गते, शुक्रबार

समय : विहान ७:०० बजे

र्‍याली शुरु हुने स्थानहरु : भ.न.पा. ९, दत्तात्रय (वडा नं. ६ देखि १० सम्म)

: भ.न.पा. १ दूधपाटी इनाग (वडा नं. १ देखि ५ सम्म)

कार्यक्रम हुने स्थान : भ.न.पा. ५, टौमढी

२. राष्ट्रिय तथ्याङ्क कार्यालयको पत्रानुसार राष्ट्रिय आर्थिक गणना-२०८२ कार्यान्वयनको लागि आवश्यक सहजीकरण तथा सहयोगको लागि देहाय बमोजिमको स्थानीय आर्थिक गणना समन्वय समितिको गठन गर्ने निर्णय गरियो :

**<u>स्थानीय आर्थिक गणना समन्वय समिति</u>**

| | |
|---|---|
| स्थानीय तहको प्रमुख/अध्यक्ष | : संयोजक |
| स्थानीय तहको नगर उपप्रमुख/उपाध्यक्ष | : सदस्य |
| वाणिज्य, व्यापार संघ संस्थाका प्रतिनिधि (३ जना) | : सदस्य |
| सुरक्षा प्रतिनिधि | : सदस्य |
| प्रशासकीय अधिकृत वा संयोजकले तोकेको व्यक्ति | : सदस्य सचिव |

३. समिति निर्णय अनुमोदन सम्बन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

**क. शिक्षा, स्वास्थ्य तथा संस्कृति समिति**

मिति २०८२।१२।८ गते बसेको शिक्षा, स्वास्थ्य तथा संस्कृति समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. यस वर्ष सञ्चालन हुने विस्का जात्रा सम्बन्धी सर्वपक्षीय छलफल यस नगरपालिकामा मिति २०८२।१२।११ गते हुने गरी सम्बन्धित सबैलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

२. यस नगरपालिकामा मेडिल्याण्ड फार्मेसी एण्ड क्लिनिकले शाखा विस्तार गरी पाऊँ भनी मिति २०८२।९।१७ र डाँ. चक्रवर्ती सुपरस्पशलिटी क्लिनिक प्रा.लि. ले स्वास्थ्य क्लिनिक सञ्चालन अनुमति पाऊँ भनी निवेदन पेश गरेको हुँदा सो सम्बन्धमा आवश्यक निरीक्षण, अनुगमन, अध्ययन गरी प्रतिवेदन पेश गर्न स्वास्थ्य शाखा प्रमुख डा. रत्नसुन्दर लासिवालाई खटाउने निर्णय गरियो ।

**ख. युवा तथा खेलकुद समिति**

मिति २०८२।११।२८ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरु अनुमोदन गरियो :

१. भक्तपुर नगरपालिकाको आयोजनामा वडा खेलकुद समितिको तत्वावधानमा वडा स्तरीय खेलकुद (कुनै एउटा) आयोजना गर्ने लगाउने र उक्त आयोजनाको लागि हालालाई प्रत्येक वडामा रु. ५०,०००।- (अक्षेरुपी रु पचास हजार) रकम पठाउने निर्णय गरियो ।

**ग. निर्माण समिति**

निर्माण समितिको मिति २०८२/१२/१० गतेको बैठकको निर्णयहरू :

| क.सं | योजनाका विवरण | वडा नं | बजेट शीर्षक | ल.ई.रकम | रि.ल.ई./क बोल रकम | पेश्की | खर्च रकम | भुक्तानी रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क) | **ल.ई. स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | लायकु पाहाछेँ पुन:निर्माण कार्य दोस्रो चरण | ३ | नपा | ८,९८०,०२१।५० | | | | | | | | |
| २ | न्याकीदेग नारायण मन्दिर पुन:निर्माण | ८ | नपा | २,७१२,४०९।४३ | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्य (दोस्रो चरण) | | | | | | | | | | | |
| ३ | शिव पार्वती मन्दिर मर्मत कार्य | ५ | मर्मत | २८८,४६७।७५ | | | | | | | | |
| ४ | भाजु पोखरी प्रवेशद्वार निर्माण कार्य | १ | भाज्या पुखुको दक्षिणतर्फको बाटोमा ढुङ्गा छपाई | ६८९,७१२।३१ | | | | | | | | |
| ५ | जगातीमा बाटो मर्मत कार्य | ७ | मर्मत | ९७,३२२।७५ | | | | | | | | |
| **ख)** | **उपभोक्ता समिति स्वीकृति सम्बन्धमा** | | | | | | | | | | | |
| १ | श्री महेन्द्र आधारभुत विद्यालय शौचलय तथा सिंढी मर्मत कार्य | ८ | विद्यालय भौतिक पूर्वाभार निर्माण कार्य | ३७१,४६७।७४ | | | उ.स.अ.:श्री ईश्वर गाइजु अ.स.स.:श्री तुल्सीनारायण लाखेमरू | | | | | |
| २ | बेखाल स्वास्थ्य चौकी र टेबुल टेनिस कभर्ड हल अगाडिको खुला ठाउँमा पूर्वाधार निर्माण कार्य | १० | बागमती प्रदेश सशर्त (चालु) | ३,४९२,१०२।३६ | | | उ.स.अ.:श्री कृष्णगोपाल अवाल अ.स.स.:श्री कृष्णनारायण दुमरू | | | | | |
| ३ | सिलखेमा थप टहरा पार्टिशन तथा फ्लोरिङको कार्य | १० | प्राङ्गारिक मल प्रशोधन केन्द्रको पूर्वाधार | ६,१२९,२३२।८३ | | | उ.स.अ.:श्री नारायणप्रसाद ह्यौमिखा अ.स.स.:श्री जितेन्द्र मुनंकर्मी | | | | | |
| ४ | पुरानो जगाती पुलसँगै बाटो ढलान गर्ने कार्य | ८ | मर्मत | ७०३,९२४।९० | | | उ.स.अ.:श्री बालगोबिन्द तचामो अ.स.स. : श्री जगतशेर गोसाई | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ग) | **पेश्की फछ्र्यौट तथा भुक्तानी सम्बन्धमा** | | | | | | | | | | | |
| १ | तारा मावि भवन निर्माण कार्य | ४ | बागमती प्रदेश समपूरक अनुदान | ल.ई. २,४०,००,०००।०० | कबोल रकम १,४२,११,४२८।५७ | | ४,०८५,७३२।१० | ४,०८५,७३२।१० | ४,०८५,७३२।१० | आंशिक सम्पन्न | देशेमरू कन्स्ट्रक्सन प्रा.लि., भक्तपुर | |
| २ | शित भण्डारण गृहको परिसरमा कम्पाउण्ड वाल निर्माण कार्य | ८ | नपा | ५,०५३,५९५।२६ | | १,६५०,०००।०० | १,८३४,२७०।०० | १८४,२७०।०० | २,०२२,२५५।५३ | आंशिक सम्पन्न | चन्द्रकृष्णा ग्वाछा | |
| ३ | लायकु पाहाछैं पुन:निर्माण | ३ | नपा | ३,०६५,८३७।५९ | प्रथम पेश्की | १,०००,०००।०० | १,२४९,६३२।०० | २२६,७९७।०० | १,५२६,७९७।७५ | सम्पन्न | रामहरि गोरा | दोस्रो पेश्की फछ्र्यौट गरी बाँकी रकम रू. ५,५९६।०० नपाको बैंक खातामा दाखिला गराउने |
| | | | | | दोस्रो पेश्की | १,२००,०००।०० | १,१९२,४०४।०० | | १,३०६,५६७।९५ | | | |
| | | | | | **जम्मा** | **२,२००,०००।००** | **२,४४२,०३६।००** | **२२६,७९७।००** | **२,८३३,३६५।७०** | | | |
| ४ | तध्याको क्षेत्रको राजकुलोमा ग्याविनवाल लगाउने कार्य | १० | मर्मत | २०६,५४४।०२ | | ६०,०००।०० | १७५,०६४।१५ | ११५,०६४।१५ | १७९,१००।४० | सम्पन्न | माहिला सुवाल | |
| ५ | खोह्रेमा अवस्थित शौचालयमा पेटी तथा बाटो निर्माण कार्य | ७ | मर्मत | २९२,४५२।४८ | | ९०,०००।०० | २९०,३७६।६८ | २००,३७६।६८ | ३०९,५२६।२८ | सम्पन्न | हरिकृष्ण दनेगुलु | |
| घ) | **विविध सम्बन्धमा** | | | | | | | | | | | |
| १ | धालाखुसीदेखि तपाकेसम्म सडक स्तरोन्नती कार्य (ठेक्का नं. bktmun/NCB/works/03/082/83) गर्दा सडकको बिचबिचमा पर्न गएका विद्युतीय पोलहरू सडकको छेउमा स्थानान्तरण गर्नका लागि नेपाल विद्युत् प्राधिकरण, भक्तपुर वितरण शाखाबाट पठाएको लागत रकम रू.१,६४,३६१।१९ को ७० प्रतिशत (रू. १,१५,०५२।८३) यस नपाबाट बागमती प्रदेश समपूरक अनुदान बजेट शीर्षकबाट व्यहोर्ने गरी प्राधिकरणलाई भुक्तानी गर्ने निर्णय गरियो । | | | | | | | | | | | |

४. **विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

१. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ अनुसार राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको स्थानीय कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो :

**स्थानीय कार्यक्रम कार्यान्वयन समिति**

| | |
|---|---|
| क. प्रमुख/अध्यक्ष | : अध्यक्ष |
| ख. प्रमुख प्रशासकीय अधिकृत | : सदस्य |
| ग. संयोजक सामाजिक विकास समिति | : सदस्य |
| घ. प्रमुख आर्थिक प्रशासन शाखा | : सदस्य |
| ङ. प्रमुख सामाजिक विकास शाखा | : सदस्य |
| च. प्रतिनिधि स्थानीय तहमा रहेका बैंक तथा वित्तीय संस्था | : सदस्य |
| छ. प्रतिनिधि उद्योग वाणिज्य संघ (स्थानीय) | : सदस्य |
| ज रोजगार संयोजक | : सदस्य सचिव |

२. **विज्ञापन करको दरभाउ पत्र सम्बन्धमा**

भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका क्षेत्रथिस्त अरनिको राजमार्गमा रहेका ४ वटा आकाशे पुलहरुको भक्तपुर नगरपालिका क्षेत्रतर्फ पर्ने आधा भागमा विज्ञापन सामाग्री राखी विज्ञापन गर्न दिने सम्बन्धी मिति २०८२।१२।१ गते प्रकाशित सूचना अनुसार पेश हुन आएका ३ वटा दरभाउपत्रमध्ये भ.न.पा. १ ठेगानासंगको नन् स्टप मिडिया प्रा.लि. को कबोल अंक वार्षिक विज्ञापन कर रु.६,५४,०००।– (अक्षेरुपी छ लाख चवन्न हजार रुपैयाँ) अधिकत्तम भएकोले उक्त कम्पनीसँग नियमानुसार पाँच वर्षको लागि सम्झौता गर्ने निर्णय गरियो साथै अस्वीकृत भएका दरभाउ पत्रहरुको हकमा धरौटी फिर्ता गर्ने र सोही मितिको सूचना अनुसार पसल कवल तथा शौचालय वहालको लागि कुनै दरभाउ पत्र पेश नभएकोमा पुनः बहालको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

३. यस नगरपालिकाको बा प्र ०१ ००१ भ ६०२२ नं. को गाडीमा आवश्यक सामान मर्मत गरे वापत रु.२१,१७८।– सिप्राडी ट्रेडिङ्ग प्रा.लि. लाई भुक्तानी दिने निर्णय गरियो ।

४. यस नगरपालिकाको बा प्र ०८ ००१ क्ष ०००१ नं. को गाडीमा टायर पंचर टाले वापत रु.४६०।– ड्राईभर बालकृष्ण मचामसीलाई भुक्तानी दिने निर्णय गरियो ।